# युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष सिफारिस सम्बन्धी कार्यविधि, २०८१

मानननीय मन्त्रीज्यूबाट स्वीकृत मिति २०८१/९/२२

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष सिफारिस समिति,

काठमाडौं।

# युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष सिफारिस सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम ९ को उपनियम (१) मा व्यवस्था भएको उपाध्यक्ष नियुक्ति गर्नका लागि उपनियम (३) बमोजिम गठन भएको सिफारिस समितिले उपनियम (४) बमोजिमको सिफारिसलाई व्यवस्थित र पारदर्शी बनाई युवा तथा साना व्यवसायी क्षेत्रको उन्नयनमा विशेष नेतृत्व गर्न सक्ने उपयुक्त उम्मेदवारहरुको सिफारिस गर्ने उद्देश्यले यो कार्यबिधि तयार गरिएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नाम "युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष सिफारिस सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

२) यो कार्यविधि स्वीकृत भएपश्चात् प्रारम्भ हुनेछ।

## २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "उम्मेदवार" भन्नाले उपाध्यक्ष पदका लागि कार्ययोजनासहित रितपुर्वक दरखास्त पेश गरेको व्यक्ति सम्झनुपर्छ।

ख. "कार्ययोजना" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषका उपाध्यक्ष पदका उमेदवारले कोषको विकास र उन्नयनका लागि पेश गरेको योजनासहितको अवधारणा पत्र सम्झनुपर्छ।

ग. "कोष" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोष सम्झनुपर्छ।

घ. "नियमावली" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ सम्झनुपर्दछ।

ङ. "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनुपर्छ।

च. "संयोजक" भन्नाले सिफारिस समितिको संयोजक सम्झनुपर्छ।

छ. "सदस्य" भन्नाले सिफारिस समितिको सदस्य सम्झनुपर्छ।

ज. "सचिव" भन्नाले युवा तथा खेलकुद मन्त्रालयका सचिव सम्झनुपर्छ।

झ. "समिति" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष पदमा नियुक्तिको लागि सिफारिस गर्न गठन भएको सिफारिस समितिलाई सम्झनुपर्छ।

## ३. सिफारिससमितिको बैठक र सचिवालय सम्बन्धी व्यवस्थाः

(क) समितिको बैठक संयोजकले बोलाउने र आवश्यकता अनुसार बस्नेछ।

(ख) समितिको बैठक सम्बन्धी कार्यव्यवस्था सिफारिस समिति स्वयंले तय गरे बमोजिम हुनेछ।

(ग) समितिको सचिवालय युवा तथा खेलकुद मन्त्रालयमा रहनेछ।

(घ) सिफारिस समितिका सम्पुर्ण कागजातहरुको व्यावस्थापन सचिवालयले गर्नेछ।

## ४. दरखास्त आह्वान गर्नेः

(क) समितिले उपाध्यक्षको नियुक्तिको लागि ऐनको नियमावलीको नियम (९) को उपनियम (४) बमोजिम योग्यता पुगेका उम्मेदवारहरूलाई १० (दश) दिनको म्याद दिई दरखास्त आह्वान गर्नेछ।

(ख) आवेदन माग गरिएको सूचना मन्त्रालयको Website र राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गरिनेछ। दफा ४ को उपदफा (क) बमोजिमको अवधिभित्र पर्याप्त दरखास्त नपरेमा समितिले निर्णय गरी ७ (सात) दिनको म्याद थप गर्न सक्नेछ।

(ग) सूचनाको ढाँचा अनुसूची १ बमोजिम हुनेछ।

**५. आवेदकले निवेदन साथ पेश गर्नु पर्ने कागजातहरू:**

(क) नेपालको नागरिकता प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि।

(ख) शैक्षिक योग्यता सम्बन्धी कागजातहरुको स्वयं प्रमाणित प्रतिलिपि।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा आर्थिक/वित्तीय क्षेत्रमा नेतृत्वदायी भुमिकामा कम्तिमा ५ वर्ष काम गरेको अनुभव खुल्ने कागजातको स्वयं प्रमाणित प्रतिलिपि र सो भन्दा बढी अवधिको कार्यको अनुभव भए सो समेत।

(घ) स्वरोजगार कोषको विकास र उन्नयनका लागि कार्ययोजना (परिचय, दुरदृष्टि, लक्ष्य र उद्देश्य, नेपालमा युवा तथा स्वरोजगार क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण - SWOT analysis, रणनीति र कार्यनीति सहित कम्तिमा ५००० शब्द सम्मको व्यवसायिक कार्ययोजना पेश गर्नु पर्नेछ, (योजना कार्यान्वयनको खाका समेत समेटिएको)। यस्तो व्यावसायिक कार्ययोजना A4 साइजको सादा सेतो कागजमा (रंगीन प्रिन्ट वाहेक) एकापट्टि मात्र टाइप गरिएको हुनुपर्नेछ । कार्ययोजनाको अग्रपृष्ठ (Cover Page) मा वाहेक अन्य पृष्ठमा आफ्नो नाम, हस्ताक्षर वा अन्य कुनै संकेत राख्न पाईने छैन।

(ङ) स्वघोषणापत्र।

(च) दरखास्त दस्तुरबापत मन्त्रालयको कार्यालय कोड नं ३४३००३५०१, राजस्व खाता नं १०००१००२०००१००००, राजस्व शीर्षक नं. १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिंहदरवार शाखामा रु. ५०००/- (अक्षरुपी पाँच हजार रुपैंया मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

**६. विवरणहरू प्रमाणित गर्नुपर्ने:** दरखास्त साथ निम्न लिखित व्यहोराहरू उम्मेदवार स्वयंले प्रमाणित गरी स्वयम् घोषणा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। स्वयम् घोषणा नगरेका उम्मेदवारलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

(क) राजनैतिक दलको सदस्य नभएको,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षित बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतवाट कसुरदार ठहर नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु नभएको,

(घ) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरेका कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको अवस्था नरहेको,

(ङ) टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको,

(च) युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग कुनै चल अचल सम्पत्ति सम्वन्धी कारोबारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि स्वार्थको द्वन्द्व (Conflict of Interest) नभएको,

(छ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको,

(ज) कुनै पनि गैर सरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको,

(झ) प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको।

७. थप विवरण माग गर्न सक्ने:
मूल्यांकन प्रयोजनका लागि समितिले आवेदकहरूको शैक्षिक योग्यता, अनुभव तथा अन्य आवश्यक विवरणहरूका सम्बन्धमा थप बुझ्न आवश्यक ठानेमा आवेदक वा सम्बन्धित निकायबाट जानकारी, कागजात तथा विवरण माग गर्न सक्नेछ।

८. दरखास्त उपर छानविन र स्वीकृतिः
१. समितिले प्राप्त गरेका दरखास्तहरु ऐन, कार्यविधि र प्रकाशित सूचना बमोजिम भए नभएको छानबिन गरी दरखास्त स्वीकृत वा अस्वीकृत गर्नेछ।
२. दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको सूची दरखास्त दिने अन्तिम म्याद सकिएको मितिले सामान्यतया ७ (सात) दिन भित्र प्रकाशन गर्नेछ।
३. प्रकाशित सूचीका आधारमा समितिले कार्ययोजना प्रस्तुतीकरण तथा अन्तरवार्ताको मिति, समय र स्थानको जानकारी सम्बन्धित उम्मेदवारहरूलाई उपयुक्त माध्यमबाट गराउनु पर्नेछ।

९. उम्मेदवारको मूल्याङ्कनको आधार र अङ्कभारः
(१) दफा ८ बमोजिम दरखास्त स्वीकृत भएका आवेदकको मूल्याङ्कनको आधार र अङ्कभार व्यवस्था देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| (क) अनुभव (न्यूनतम अनुभव भन्दामाथि प्रत्येक वर्षको २ अंकका दरले बढीमा) | १० अङ्क |
| (ख) व्यवसायिक कार्ययोजना परीक्षण | ४५ अङ्क |
| (ग) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण | २५ अङ्क |
| (घ) अन्तरवार्ता | २० अङ्क |

(३) कार्ययोजना मुल्यांकन, कार्ययोजना प्रस्तुतीकरण र अन्तरवार्तामा अङ्क प्रदान गर्दा प्रत्येक मूल्याङ्कनकर्ताले पूर्णाङ्कको ७० प्रतिशत भन्दा बढी वा ४० प्रतिशत भन्दा कम अङ्क प्रदान गर्नु परेमा औचित्य खुलाउनु पर्नेछ।
(४) कार्ययोजना, कार्ययोजना प्रस्तुतीकरण र अन्तरवार्ताका क्रममा प्रत्येक मूल्याङ्कनकर्ताले अलग अलग प्रदान गरेको अङ्क एकमुष्ट जोडी औसत अङ्क कायम गरिनेछ।

**१०. अनुभवको अङ्क गणनाः उम्मदेवारको अनुभवको अङ्क गणना देहाय बमोजिम गरिनेछः-**
राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा आर्थिक तथा वित्तीय क्षेत्रमा नेतृत्वदायी कार्य अनुभवः प्रत्येक वर्षको दुई अङ्कका दरले बढीमा १० अङ्क। वर्ष नपुगेको चानचुने वर्षको अनुभवको लागि दामासाहीले अंक दिने।

११. व्यावसायिक कार्ययोजनाको परीक्षणः
(क) विज्ञहरूको सूची (रोष्टर)मा रहेका विज्ञहरुमध्ये संयोजकले तोकेका कम्तीमा दुई जना विज्ञबाट गोप्य तरिकाले व्यावसायिक कार्य योजनाको अलग अलग परीक्षण गराउनु पर्नेछ।
(ख) विज्ञहरूलाई संकेत नम्बर प्रदान गरी सो सहित निर्देशिका र कार्यविधि बमोजिम परीक्षण गर्दा पालना गर्नुपर्ने विधि, प्रक्रिया र आचार संहिता उल्लेख गरी पत्राचार गर्नुपर्नेछ।
(ग) यसरी परीक्षण गराउदा दोस्रो संकेत (कोड) पश्चात सिलबन्दी गरिएका व्यावसायिक कार्ययोजना बुझाई निजहरुले परीक्षण सम्पन्न गरेपछि व्यावसायिक कार्ययोजना र सो मूल्याङ्कनको अङ्कतालिका निजहरूद्वारा अलगअलग खाममा सिलबन्दी गराई बुझाउने तथा बुझ्ने व्यवस्था मिलाउनु पर्नेछ।

१२. **व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणः**

(क) व्यावसयिक कार्ययोजना प्रस्तुतीकरणको मूल्यांकनको लागि समितिले मूल्यांकन समिति गठन गर्नेछ।

(ख) मूल्यांकन समितिका अध्यक्ष तथा सदस्यहरूलाई समितिले तोकिदिएको फाराम उपलब्ध गराइने छ र निजहरुले सोही फाराममा उल्लिखित शर्तहरुको पालना गरी मूल्यांकन गर्नुपर्नेछ।

(ग) कार्ययोजना प्रस्तुतीकरणको लागि तोकिएको २५ (पच्चीस) अङ्क देहायबमोजिम विभाजन गरी प्रदान गरिनेछः

| | |
|---|---|
| अवधारणगत स्पष्टता | ८ अङ्क |
| सही सूचना र विश्लेषण | ६ अङ्क |
| समस्याको पहिचान र सुधारका लागि सुझाव | ६ अङ्क |
| प्रस्तुतीकरण शैली | ५ अङ्क |

(घ) सबै सदस्यहरूले मूल्यांकन गरेका फारामहरु छुट्टाछुट्टै खाममा सिलबन्दी गरी सो खाम संयोजकले तोकेको मन्त्रालयको पदाधिकारीको जिम्मामा राखिनेछ।

१३. अन्तरवार्ताः

(क) अन्तर्वार्ताको लागि तोकिएको २० (बीस) अङ्क देहायबमोजिम विभाजन गरी प्रदान गरिनेछः

| | |
|---|---|
| विषयवस्तुको ज्ञान र प्रस्तुतीकरण | ४ अङ्क |
| आत्मविश्वास | ४ अङ्क |
| समस्या समाधानको कौशल | ४ अङ्क |
| सकरात्मक सोच र व्यक्तित्व | ४ अङ्क |
| नेतृत्व क्षमता | ४ अङ्क |

(ख) अन्तरवार्ताको लागि समितिले अन्तरवार्ता समिति गठन गर्नेछ।

(ग) अन्तरवार्ता समितिका अध्यक्ष तथा सदस्यहरुलाई समितिले निर्धारण गरेको मूल्यांकन फाराम उपलब्ध गराइनेछ र निजहरुले सोही फाराममा उल्लिखित शर्तहरुको पालना गरी मूल्यांकन गर्नुपर्नेछ।

(घ) सबै सदस्यहरूले मूल्यांकन गरेका फारामहरु छुट्टाछुट्टै खाममा सिलबन्दी गरी सो खाम सचिवालयको पदाधिकारीको जिम्मामा राखिनेछ।

१४. **नियुक्तिको लागि सिफारिस गर्नेः**

मूल्याङ्कनका सबै चरणहरु सम्पन्न भएपछि सिलबन्दी खामहरु खोली शैक्षिक योग्यता, अनुभव, व्यवसायिक कार्ययोजना परीक्षण, कार्ययोजना प्रस्तुतीकरण र अन्तरवार्ता बापत उम्मेदवारले प्राप्त गरेको अङ्क कार्यविधि बमोजिम गणना गरी सवैभन्दा बढी अङ्क प्राप्त गर्ने उपलव्ध भएसम्म बढीमा तीन जना उम्मेदवारहरुको अंग्रेजी वा नेपाली वर्णानुक्रमानुसारको नाम उपाध्यक्ष पदमा नियुक्तिको लागि मन्त्रालय मार्फत नेपाल सरकार समक्ष सिफारिस गर्ने तथा सो को सूचना मन्त्रालयको वेबसाईटमा समेत प्रकाशन गरिनेछ।

दरखास्त स्वीकृत भएका उम्मेदवारहरु समितिले तोकेको कार्ययोजना प्रस्तुतीकरण तथा अन्तरवार्ताको दिन कुनै मनासिव कारणले उपस्थित हुन नसक्ने भएमा सो को लिखित जानकारी समितिलाई दिनुपर्नेछ। अन्यथा उम्मेदवार अनुपस्थित भएमा पनि नतिजा प्रकाशन गर्न कुनै वाधा पर्ने छैन। साथै तोकिएको अन्तरवार्ताको मिति र समयमा तीन जना भन्दा कम उम्मेदवार उपस्थित भएतापनि सिफारिस समितिले नियुक्तिका लागि सिफारिस गर्न वाधा पर्ने छैन।

१५. पारिश्रमिकः समितिका पदाधिकारी, विज्ञ र सहयोगी कर्मचारीहरुले मन्त्रालयबाट निर्धारण भएबमोजिम पारिश्रमिक प्राप्त गर्नेछन्।

१६. आचार संहिताः समितिका पदाधिकारी, विज्ञ र सहयोगी कर्मचारीहरुले देहायको आचार संहिता पालना गर्नुपर्नेछ।

(क) मूल्याङ्कनका सवै चरणहरूमा गोप्यता कायम राख्नुपर्छ।

(ख) कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ताका मूल्याङ्कनकर्ताले आफ्ना आफन्त र नातेदार प्रतिस्पर्धी रहेछन् भने त्यस्तो मूल्याङ्कनमा सहभागी हुनुहुदैन।

(ग) समितिको बैठक र अन्तरवार्तामा भएका छलफलवारे अन्य कुनै ठाउमा कुनै पनि कुरा व्यक्त गर्न हुदैन।

१७. फारामहरूः पदपूर्ति प्रक्रिया सम्पादन गर्दा समितिले आवश्यकता अनुसार फारामहरु स्वीकृत गरी प्रयोग गर्न सक्नेछ।

१८. बाधा अड्काउ फुकाउनेः

यस कार्यविधिको कार्यान्वयनको शिलशिलामा कुनै बाधा परेमा बाधा अड्काउ फुकाउने र व्यवस्था गर्ने अधिकार सिफारिस समितिमा निहित हुनेछ।

## अनुसूची- १ निवेदनको ढाँचा

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष पदका लागि दरखास्त फारम

फोटो

व्यक्तिगत विवरणः

१. उम्मेदवारको नाम :

२. जन्म मिति : वि.सं./इ.सं. ......................................................

३. स्थायी ठेगाना :प्रदेश ............................................ जिल्ला ..........................................

नगरपालिका/गाउँपालिका..................................................... वडा नं
.........................टेलिफोन नं ..........................................

४. अस्थायी ठेगाना :प्रदेश .........................................................जिल्ला ......................................

नगरपालिका/गाउँपालिका ................................ वडा नं
.......................................... टेलिफोन नं ....................................

५. नागरिकता : जारी गरिएको

जिल्ला........................... मिति................................ नगरिकता नं
...............................

६. मोबाइल नम्बर : ......................................

७. इमेलः................................................

८. शैक्षिक योग्यता

| शैक्षिक संस्थाको नाम र ठेगाना | उपाधि | अध्ययन बर्ष | | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | बाट | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

९. सम्बन्धित क्षेत्रमा कार्य अनुभवको विवरण

| संस्था/निकायको नाम र ठेगाना | कार्य अवधि | | मुख्य उत्तरदायित्व | कैफियत |
|---|---|---|---|---|
| | बाट | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

माथि उल्लेखित मेरो व्यक्तिगत विवरण ठिक साँचो छ। झुठ्ठा ठहरिएमा यसै विवरणको आधारमा बदर गरिएमा म कुनैकिसिमको उजुरबाजुर गर्ने छैन।

दरखास्तवालाको हस्ताक्षर :

मिति :

ल्याप्चे सहीछाप

| दाँया | बाँया |
|---|---|
| | |

नोट : दरखास्तको साथमा तल उल्लिखित कागजातहरु संलग्न गर्नुपर्नेछ।

(क) नेपालको नागरिकता प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि।

(ख) शैक्षिक योग्यता सम्बधी कागजातहरुको स्वयं प्रमाणित प्रतिलिपि।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा आर्थिक/वित्तीय क्षेत्रमा कम्तिमा ५ वर्ष काम गरेको अनुभव खुल्ने कागजातको स्वयं प्रमाणित प्रतिलिपि र सो भन्दा बढी अवधिको कार्यको अनुभव भए सो समेत।

(घ) स्वरोजगार कोषको विकास र उन्नयनका लागि कार्ययोजना (परिचय, दुरदृष्टि, लक्ष्य र उद्देश्य, नेपालमा युवा तथा स्वरोजगार क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण - SWOT analysis, रणनीति र कार्यनीति सहित प्रस्तावित योजना, योजना कार्यान्वयनको खाका समेत समेटिएको)।

(ङ) स्वघोषणापत्र

(च) दरखास्त दस्तुरबापत मन्त्रालयको कार्यालय कोड नं ३४३००३५०१, राजस्व खाता नं १०००१००२०००१००००, राजस्व शीर्षक नं. १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैक लिमिटेड, सिंहदरवार शाखामा रु. ५०००/- (अक्षरुपी पाँच हजार रुपैंया मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

## अनुसूची- २ कार्ययोजनाको ढाँचा

क. परिचय

ख. दुरदृष्टि, लक्ष्य र उद्देश्य

ग. नेपालमा स्वरोजगार क्षेत्रको वर्तमान अवस्था विश्लेषण (**SWOT analysis** सहित)

- नीतिगत र कानुनी व्यवस्था
- संस्थागत संरचनाको अवस्था
- जनशक्तिको अवस्था
- नेपालमा स्वरोजगार क्षेत्रमा सुधार गर्नु पर्ने प्रमुख पक्ष तथा क्षेत्रहरु (कारण सहित)

घ. प्रस्तावित योजना (रणनीति र कार्यनीति सहित)

- संस्थागत क्षमताको विकास (युवा तथा साना व्यवसायी स्वरोजगार कोष)
- भौतिक संरचनाको विकास
- युवा तथा साना व्यवसायी स्वरोजगार क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य

ङ. योजना कार्यान्वयन खाका।

# अनुसूची- ३: स्वघोषणा पत्र

म ……………………… युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष पदमा नियुक्ति हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं नियुक्ति हुनका लागि अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरण आफू स्वयंले प्रमाणित गरी यसैसाथ संलग्न राखी यो स्वघोषणापत्र पेस गरेको छु।

१. नाम, थरः ……………………………

२ जन्म मितिः वि.सं. ……………………………   ई.सं.: …………………

३. स्थायी ठेगानाः …………………………………

४. नागरिकता नं.: ………………………… जारी मिति र जिल्लाः …………………………

५. सम्पर्क नं.:………………………

६. इमेलः……………………………

७. शैक्षिक योग्यताः ……………………………….

८. मैले हालसम्म कुनै पनि विदेशी मुलुकको स्थायी आवासीय अनुमति पत्र प्राप्त गरेको छैन।

९. म हाल कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा आवद्ध रहेको छैन।

१०. हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

११. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिबाना तोकिएको छैन।

१२. मेरो नाममा कहिंकतै बेरुजु रहेको छैन।

१३. म कुनै कारोवारमा कालोसूचीमा परेको छैन।

१४. मेरो कुनै विषयमा स्वार्थ बाझिएको वा स्वार्थको द्वन्द (Conflict of Interest) रहेको छैन।

माथि लेखिएको व्यहोरा ठिक साँचो हो। झुट्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

मितिः

दस्तखतः

## अनुसूची - ४: राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिने सार्वजनिक सूचनाको नमूना

### युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्षको नियुक्तिको लागि दरखास्त आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति .........

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ अनुसार गठित कोषको उपाध्यक्ष सिफारिस समितिले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष नियुक्तिको लागि योग्यता पुगेका व्यक्तिमध्येबाट तीन जना व्यक्तिको नाम युवा तथा खेलकुद मन्त्रालयमा सिफारिस गर्नुपर्ने भएकोले नियमावलीको नियम ९ को उपनियम (४) को खण्ड (ग) बमोजिमको योग्यता र अनुभव पुगेका इच्छुक व्यक्तिबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० दिन भित्र (२०८१............ गतेसम्म) सिफारिस समितिको सचिवालय नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबारमा कार्यालय समयभित्र दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरू, दरखास्त फारमको नमूना, कार्ययोजनाको संभावित खाका, मूल्याङ्कनका आधारहरू र अन्य जानकारीको लागि युवा तथा खेलकुद मन्त्रालयको वेभसाइट www.moys.gov.np मा हेर्नुहुन अनुरोध छ। यस सम्बन्धमा थप बुझ्नु परेमा युवा तथा खेलकुद मन्त्रालयको फोन नं ०१-४२००५४२ मा सम्पर्क गर्न र युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष सिफारिस सम्बन्धी कार्यविधि २०८१ यस मन्त्रालयको Website मा हेर्न सकिनेछ।

## अनुसूची- ५ मन्त्रालयको वेभसाइटमा राखिने सार्वजनिक सूचनाको नमूना

### युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्षको नियुक्तिको लागि दरखास्त आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१।....।.....**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष(सञ्चालन)नियमावली, २०७७ अनुसार गठित उपाध्यक्ष सिफारिस समितिले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष नियुक्तिको लागि योग्यता पुगेका व्यक्तिमध्येबाट तीन जना व्यक्तिको नाम युवा तथा खेलकुद मन्त्रालयमा सिफारिस गर्नुपर्ने भएकोले देहायका योग्यता र अनुभव पुगेका इच्छुक व्यक्तिबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० दिन भित्र (२०८१.............. गते सम्म) सिफारिस समितिको सचिवालय नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयमा कार्यालय समयभित्र दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. योग्यता र अनुभव : युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष पदमा नियुक्तिको लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली २०७७को नियम ९ को उपनियम (४) बमोजिमको निम्न योग्यता र अनुभव हासिल गरेको हुनु पर्नेछ।

(क) नेपाली नागरिक,

(ख) चालीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट मानविकी, अर्थशास्त्र, वाणिज्यशास्त्र, कानून वा व्यवस्थापनमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

**२. युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्षको काम, कर्तव्य र अधिकार युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम ११ बमोजिम हुनेछ।**

३. दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरु :

रितपूर्वक भरेको दरखास्त फारमका साथ देहायका विवरणहरु खुल्ने प्रमाणित कागजातहरु पेश गर्नु पर्नेछ।

(क) नेपालको नागरिकता प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि।

(ख) शैक्षिक योग्यता सम्बधी कागजातहरुको स्वयं प्रमाणित प्रतिलिपि।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा आर्थिक/वित्तीय क्षेत्रमा कम्तिमा ५ वर्ष काम गरेको अनुभव खुल्ने कागजातको स्वयं प्रमाणित प्रतिलिपि र सो भन्दा बढी अवधिको कार्यको अनुभव भए सो समेत।

(घ) स्वरोजगार कोषको विकास र उन्नयनका लागि कार्ययोजना (परिचय, दुरदृष्टि, लक्ष्य र उद्देश्य, नेपालमा युवा तथा स्वरोजगार क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण - SWOT analysis, रणनीति र कार्यनीति सहित प्रस्तावित योजना, योजना कार्यान्वयनको खाका समेत समेटिएको)।

(ङ) स्वघोषणापत्र।

४. कार्ययोजनाको संभावित खाका देहाय बमोजिम हुनेछ।

क. परिचय

ख. दुरदृष्टि, लक्ष्य र उद्देश्य

ग. नेपालमा स्वरोजगार क्षेत्रको वर्तमान अवस्था विश्लेषण (**SWOT analysis** सहित)

- नीतिगत र कानुनी व्यवस्था
- संस्थागत संरचनाको अवस्था
- जनशक्तिको अवस्था

- नेपालमा स्वरोजगार क्षेत्रमा सुधार गर्नु पर्ने प्रमुख पक्ष तथा क्षेत्रहरु (कारण सहित)

घ. प्रस्तावित योजना (रणनीति र कार्यनीति सहित)

- संस्थागत क्षमताको विकास (युवा तथा साना व्यवसायी स्वरोजगार कोष)
- भौतिक संरचनाको विकास
- युवा तथा साना व्यवसायी स्वरोजगार क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य

ङ. योजना कार्यान्वयन खाका

च. कार्ययोजना कम्तिमा ५००० शब्दको हुनुपर्नेछ।

<u>५.मूल्याङ्कनका आधारः</u>

(१) उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्कभार निम्न बमोजिम हुनेछः

| | |
|---|---|
| (क) अनुभव (न्यूनतम अनुभव भन्दामाथि प्रत्येक वर्षको २ अंकका दरले बढीमा) | १० अङ्क |
| (ख) व्यवसायिक कार्ययोजना परीक्षण | ४५ अङ्क |
| (ग) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण | २५ अङ्क |
| (घ) अन्तरवार्ता | २० अङ्क |

(२) समितिले गठन गरेको अन्तरवार्ता समितिले अन्तर्वार्ता लिनेछ।

(३) कार्ययोजना मुल्यांकन, कार्ययोजना प्रस्तुतीकरण र अन्तरवार्तामा अङ्क प्रदान गर्दा प्रत्येक मूल्याङ्कनकर्तोले पूर्णाङ्कको ७० प्रतिशत भन्दा बढी वा ४० प्रतिशत भन्दा कम अङ्क प्रदान गर्नु परेमा औचित्य खुलाउनु पर्नेछ।

(४) कार्ययोजना, कार्ययोजना प्रस्तुतीकरण र अन्तरवार्ताका क्रममा प्रत्येक मूल्याङ्कनकर्ताले अलग अलग प्रदान गरेको अङ्क एकमुष्ट जोडी औसत अङ्क कायम गरिनेछ।

**६. अनुभवको अङ्क गणनाः उम्मदेवारको अनुभवको अङ्क गणना देहाय बमोजिम गरिनेछः-**

राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा आर्थिक तथा वित्तीय क्षेत्रमा नेतृत्वदायि कार्य अनुभवः प्रत्येक वर्षको दुई अङ्कका दरले बढीमा १० अङ्क।

**७. व्यावसायिक कार्ययोजनाको परीक्षणः**

(क) विज्ञहरूको सूची (रोष्टर)मा रहेका विज्ञहरुमध्ये संयोजकले तोकेका कम्तीमा दुई जना विज्ञबाट गोप्य तरिकाले व्यावसायिक कार्य योजनाको अलग अलग परीक्षण गराउनु पर्नेछ।

(ख) विज्ञहरूलाई संकेत नम्बर प्रदान गरी सो सहित निर्देशिका र कार्यविधि बमोजिम परीक्षण गर्दा पालना गर्नुपर्ने विधि, प्रक्रिया र आचार संहिता उल्लेख गरी पत्राचार गर्नुपर्नेछ।

(ग) यसरी परीक्षण गराउदा दोस्रो संकेत (कोड) पश्चात सिलबन्दी गरिएका व्यावसायिक कार्ययोजना बुझाई निजहरुले परीक्षण सम्पन्न गरेपछि व्यावसायिक कार्ययोजना र सो मूल्याङ्कनको अङ्कतालिका निजहरूद्वारा अलगअलग खाममा सिलबन्दी गराई बुझाउने तथा बुझ्ने व्यवस्था मिलाउनु पर्नेछ।

**८. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणः**

(क) व्यावसयिक कार्ययोजना प्रस्तुतीकरणको मूल्यांकनको लागि समितिले मूल्यांकन समिति गठन गर्नेछ।

(ख) मूल्यांकन समितिका अध्यक्ष तथा सदस्यहरूलाई समितिले तोकिदिएको फाराम उपलब्ध गराइने छ र निजहरुले सोही फाराममा उल्लिखित शर्तहरुको पालना गरी मूल्यांकन गर्नुपर्नेछ।

(ग) कार्ययोजना प्रस्तुतीकरणको लागि तोकिएको २५ (पचिस) अङ्क देहायबमोजिम विभाजन गरी प्रदान गरिनेछः

| | |
|---|---|
| • अवधारणगत स्पष्टता | ८ अङ्क |
| • सही सूचना र विश्लेषण | ६ अङ्क |
| • समस्याको पहिचान र सुधारका लागि सुझाव | ६ अङ्क |
| • प्रस्तुतीकरण शैली | ५ अङ्क |

(घ) सबै सदस्यहरूले मूल्यांकन गरेका फारामहरु छुट्टाछुट्टै खाममा सिलबन्दी गरी सो खाम संयोजकले तोकेको मन्त्रालयको पदाधिकारीको जिम्मामा राखिनेछ।

९. अन्तरवार्ताः

(क) अन्तर्वार्ताको लागि तोकिएको २० (बीस) अङ्क देहायबमोजिम विभाजन गरी प्रदान गरिनेछः

- विषयवस्तुको ज्ञान र प्रस्तुतीकरण ४ अङ्क
- आत्मविश्वास ४ अङ्क
- समस्या समाधानको कौशल ४ अङ्क
- सकरात्मक सोच र व्यक्तित्व ४ अङ्क
- नेतृत्व क्षमता ४ अङ्क

(ख) अन्तरवार्ताको लागि समितिले अन्तरवार्ता समिति गठन गर्नेछ।

(ग) अन्तरवार्ता समितिका अध्यक्ष तथा सदस्यहरुलाई समितिले निर्धारण गरेको मूल्यांकन फाराम उपलब्ध गराइनेछ र निजहरुले सोही फाराममा उल्लिखित शर्तहरुको पालना गरी मूल्यांकन गर्नुपर्नेछ।

(घ) सबै सदस्यहरूले मूल्यांकन गरेका फारामहरु छुट्टाछुट्टै खाममा सिलबन्दी गरी सो खाम संयोजकले तोकेको मन्त्रालयको पदाधिकारीको जिम्मामा राखिनेछ।

१०. दरखास्त रद्द हुन सक्ने : गलत वा झुटा कागजात पेश गरेमा वा प्रकरण ३ बमोजिमका कागजातहरु सम्लग्न नभएमा समितिले कुनै पनि चरणमा रद्द गर्न सक्ने छ। प्रस्तुतीकरणका लागि मन्त्रालयले फोन मार्फत सम्पर्क गर्नेछ।

११. यो सूचना मन्त्रालयको वेभसाइट र मिति २०८१............ को राष्ट्रिय दैनिक पत्रिकामा हेर्न सकिने छ। यस सम्बन्धी थप कुरा वुझ्नु परेमा मन्त्रालयको फोन नं ०१-४२००५४२ मा सम्पर्क गर्न सकिने छ।